# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०८।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०८।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.दिपक बम र नीरक बहादुर शाही** (वि.अ. को मु.नं. ०७९-CR-००४२), वि.अ. को फैसला मिति २०८०।०२।२६) | **घुस/रिसवत लिई भ्रष्टाचार गरेको।** | मेकानिकल इन्जिनियर दिपक बमलाई घुस/रिसवत वापत लिएको विगो रु.३,०००।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद तथा जरिवाना हुन। साथै विचौलिया नीरक बहादुर शाहीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर भएको देखिएकोले निजलाई घुस वापत लिएको विगो रु.१०,३६०।– कायम गरी निज विचौलिया नीरक बहादुर शाहीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम कैद र जरिवाना हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रस्तुत मुद्दामा आरोपीत कसुरमा ईन्कार रही अदालत सामु प्रतिवादीहरु दुबैले बयान गरेको र सोही ब्यहोरा समर्थित हुने भई निजका साक्षीहरुबाट बकपत्र भएको। वादी पक्षबाट उजुरवालालाई अदालतमा उपस्थीत गरी दाबी पुष्टि गर्न नसकेकोले उजुरीलाई प्रमाणको रुपमा धारण गर्न सक्दैन भनी स्वतन्त्र प्रमाणको रुपमा स्वीकार्न नमिली प्रतिबादीहरु दिपक बम र नीरकबहादुर शाहीका बिरुद्दको आरोपदाबी मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन नसकेको देखिँदा निज प्रतिबादिहरुले आरोपीत कसुरबाट सफाई पाउने ठहर्छ।<br><br>**विशेष अदालतले अनिरुद्र मण्डललाई सफाई दिंदा लिएका आधारः**<br>वादी पक्षबाट उजुरवालालाई अदालतमा उपस्थीत गरी दाबी पुष्टि गर्न नसकेकोले उजुरीलाई प्रमाणको रुपमा धारण गर्न सक्दैन भनी स्वतन्त्र प्रमाणको रुपमा स्वीकार्न नमिली प्रतिबादीहरु दिपक बम र नीरकबहादुर शाहीका बिरुद्दको आरोपदाबी मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन नसकेको देखिंदा निज प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने। | (क)प्रस्तुत मुद्दामा ३ पटक उजुरीकर्तासंग फोन सम्पर्क भएको CD call detail बाट देखिएको। दुबै प्रतिवादीहरुलाई घुसको रकमसहित पक्राउ भएको स्थिति देखिएको, उजुरिकर्ताले घुस दिंदा खुलाई दिएका नोट थानहरु नै बरामदी भै रहेको पुष्टि भएको र बिपक्षीहरु उपर नै उजुरी परेको परिप्रेक्ष्यमा मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम उजुरकर्ता वादीका साक्षीलाई समावहान जारी गरी बुझ्न सकिने कानून रहँदा पनि सो कार्यविधि सम्मानीत अदालतबाट नअपनाइएको।<br><br>(ख)नबुझी नहुने साक्षीको हकमा Video Conference द्वारा पनि बकपत्र गराउन सकिनेमा उक्त कार्य गर्न गराउन अदालतले बिदेश मलेशियामा रहेका वादीलाई सो विधीमार्फत बकपत्र नगराइएको।<br>(ग)मुलुकी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम नबुझी नहुने साक्षी र पक्षलाई अदालतले झिकाई बुझ्न सक्नेमा सो काम नभएको स्थितिमा घुस जस्तो सामाजिक कलंकको आरोप लागेका प्रतिवादीहरुलाई सफाई दिने गरी गरेको फैसला न्यायोचित नदेखिएको। |